## उच्च अदालत तुलसीपुर,नेपालगञ्ज इजलास

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री पवन कुमार शर्मा न्यौपाने

आदेश

दायरी नम्बरः-०७६-WO-०१२२

**मुद्दाः- परमादेश।**

अधिवक्ता सुनिल कुमार श्रेष्ठ समेत-------------------------------------------। निवेदक

विरुद्ध

जिल्ला प्रशासन कार्यालय बाँके समेत----------------------------------------। बिपक्षी

प्रस्तुत निवेदन अध्ययन गरी निवेदकहरुका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री भोला सिंह हमाल,अधिबक्ता श्री धुब्रप्रसाद बस्याल,अधिबक्ता श्री गणेश प्रसाद शर्मा, अधिबक्ता श्री ईश्वरी प्रसाद ज्ञवाली, अधिबक्ता श्री चित्र बहादुर शाही,अधिबक्ता श्री विश्वजीत तिवारी,अधिबक्ता श्री विकास आचार्य,अधिबक्ता श्री प्रह्लाद बहादुर कार्की,अधिबक्ता श्री बसन्त गौतम, अधिबक्ता श्री बल बहादुर चन्द, अधिबक्ता श्री मोहम्मद अयुब सिद्दिकी,अधिबक्ता श्री राम कुमार दिक्षित, अधिबक्ता श्री प्रभाकर भट्टराई र अधिबक्ता श्री पूर्ण प्रसाद ढकालले गर्नुभएको बहस समेत सुनियो ।

यसमा के कसो भएको हो ? निवेदकको निवेदन माग बमोजिम परमादेशको आदेश जारी हुनु पर्ने, नपर्ने के हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत साथै राखी म्याद सूचना तामेल भएका मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिनभित्र विपक्षी नं. ७ र १२ को हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत,विपक्षी नं. १५,१६,१७ र १८ को हकमा प्रदेश नं. ५ को मुख्य न्यायाधिबक्ताको कार्यालय बुटवल मार्फत र अन्य विपक्षीहका हकमा उच्च सरकारी वकिलको कार्यालय नेपालगञ्ज मार्फत निम्न विषयहरु,

- यस अदालतको अन्तरिम आदेश अनुसार भएका कामको विवरण,
- आईसोलेशनमा राखिएका व्यक्तिहरुको संख्या र निजहरुको अवस्था,
- Throat Swab परिक्षणको प्रतिवेदन,
- खानपान,औषधी उपचार गरिएको विवरण,

प्रष्ट पारी लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपी समेत साथै राखी बिपक्षीहरुका नाउँमा म्याद सूचना जारी गरी लिखित-जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु ।

निवेदकले अन्तरिम आदेश माग गरेतर्फ विचार गर्दा कोरना भाईरस (Covid-19) को महामारीबाट बच्न बचाउन नेपाल सरकार मन्त्री परिषदबाट जारि गरी लागु भएको बन्दाबन्दी (Lockdown) लाई पुर्णतया पालना गर्नुपर्ने विषयमा कुनै दुईमत हुन सक्दैन। यसको अनिवार्य शर्तका रुपमा पालना हुनुपर्छ। जहाँसम्म रिटमा उल्लेख भएको बाँके बर्दिया जिल्लाका सिमानामा आई नेपाल प्रवेश गर्न नपाई सिमा क्षेत्रमा अलपत्रमा परी बसेका नेपाली नागरिकको व्यवस्थापनको प्रश्न छ, नेपालको संविधानले प्रत्याभुत गरेको Right to Life (बाँच्न पाउने अधिकार) को कुनै पनि अवस्थामा अतिक्रमण हुन सक्दैन,त्यसको अक्षरसः पालना हनुपर्ने हुन्छ।

संसारको जुनसुकै स्थानमा रहे भएका नेपालीहरुको रक्षार्थ सरकारले अभिभावकत्व ग्रहण गरी समस्यामा परेका नेपालीको उद्वार गर्नु पर्ने कर्तव्य सरकारको हुन आउँछ। सक्षम राष्ट्रका विदेशी नागरिकहरुलाई त्यहाँको सरकारले हवाई जहाज चार्टर गरेर आ-आफ्ना देशमा दिनहुँ लगि रहेको समाचार मिडियाहरुमा आई रहेका छन् भने आफ्नै सिमानामा नेपाली नागरिकहरु आफ्नो देश भित्र प्रवेश गर्न नपाई सिमा क्षेत्रमा अलपत्र परेको विद्यमान अवस्थामा निवेदकहरुले उठाएको विषयको गम्भिर्यतालाई समेत मनन गरी आफ्नै सिमानामा अलपत्र परेका नेपाली नागरिकहरुलाई उद्वार गरि क्वारेन्टाईन संचालन तथा व्यवस्थापन मापदण्ड २०७६(Guidelines) ले उल्लेख गरे अनुसार मुख्यतः बाँके बर्दिया जिल्लाका सिमा क्षेत्रमा जोडिएका नेपाल भारतको नाकामा गाँस वास लगायत औषधी उपचारका अभावमा अलपत्रमा परेका नेपाली नागरिकहरुलाई बाँके र बर्दियामा निर्मित उपयुक्त क्वारेन्टाईनमा कोभिड-१९ सम्बन्धी क्वारेन्टाईन संचालन तथा व्यवस्थापन मापदण्ड २०७६(मार्ग निर्देशन) र विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार व्यवस्थापन गरी नागरिकको मानव अधिकारको संरक्षण सम्बर्द्धन गर्नु गराउनु र निजहरुको सुरक्षार्थ खटिएका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मी समेतलाई सुरक्षार्थ P.P.E. समेतको उचित व्यवस्था गर्नु गराउनु,नेपाली नागरिकको स्वास्थ्य सम्बन्धि संवैधानिक हकबाट बञ्चित नगर्नु नगराउनु,ती नागरिकहरुको जीवन रक्षार्थ नेपाल ल्याई निर्मित क्वारेन्टाईनमा आवश्यक समयावधी सम्म राखी Throat Swab परीक्षण गरी स्वास्थ्य सम्बन्धी नागरिकको अधिकारको पालना गर्नु गराउनु साथै क्वारेन्टाईनमा राखिएका व्यक्तिहरुलाई उचित खाना,शुद्ध खानेपानी,विछ्यौना,ओढ्ने र शुलभ शौचालय समेतको उचित व्यवस्थापन गरी चिकित्सकको निगरानीमा राख्न लगाउनु, राख्नु भनी विपक्षीहरुका नाममा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ तथा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)

बमोजिम अन्तरिम आदेश जारिगरिदिएको छ ।यो आदेशको प्रतिलिपी सहितको जानकारी अबिलम्ब बिपक्षीहरुलाई दिई सोको निस्सा मिसिल सामेल राखी नियमानुसार गर्नु ।

न्यायाधीश

इति सम्वत् २०७६ साल चैत्र महिना २८ गते रोज ६ शुभम्--------------------------------।